# चामे गाउँपालिकाको तेह्रौं गाउँसभामा

## गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्रबहादुर घलेज्यूबाट

## प्रस्तुत

## आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

# चामे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## चामे, मनाङ

गण्डकी प्रदेश, नेपाल

वि.सं. २०८० साल असार ०९ गते

## "कृषि पर्यटन र जलाधार, चामे समृद्धिको आधार"

***गाउँसभाका सदस्य महोदय,***

१. चामे गाउँपालिकाको यस गरिमामय गाउँसभासमक्ष चामे गाउँ कार्यपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा ज्यादै गौरवान्तित भएको छु ।

२. सर्वप्रथम, लोकतन्त्रको बहाली, संघीय गणतन्त्रको स्थापना मार्फत नागरिक अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमूल परिवर्तनका लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रदान्जली अर्पण गर्दछु। मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमवाट आम जनताको घर-घरमा स्थानीय सरकारको स्वरुपमा ल्याउन योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरुमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

३. आफ्नो अमूल्य मत दिएर हामीलाई जनप्रतिनिधीको रुपमा जनताको सेवा गर्ने अवसर प्रदान गर्नुहुने चामे गाउँपालिकावासी सम्पूर्ण आमा-बुवा, दाजु-भाई, दिदी-बहिनी प्रति म सधै उच्च सम्मानका साथ आदरभाव व्यक्त गर्न चाहन्छु।

*गाउँसभाका सदस्य महोदय,*

४. हामीले शुरुका वर्षमा जिम्मेवारी सम्हाल्दा संघीय ढाँचामा स्थानीय सरकार संचालन गर्नु नितान्त नौलो अनुभव थियो। सिंहदरबारको अधिकार गाउँमा आएको सन्देशले समाज तरङ्गित भएको थियो ।एकातर्फ हरेक नागरिकका तीब्र विकासको आकांक्षालाई विवेकसम्मत रुपमा शीघ्र सेवा पुऱ्याएर सम्बोधन गर्नुपर्ने अवस्था र अर्कोतर्फ स्थानीय तहलाई स्थानीय सरकारको रुपमा संचालन गर्नुपर्ने जिम्मेवारीले गर्दा हामीलाई बाटो पहिल्याएर अघि बढ्न हम्मे परिरहेको थियो।समय क्रम सँगै हामीले सिक्दै र आफैले सिकेको कुरा कार्य व्यवहारमा प्रयोग गर्दै हामीले गर्ने कार्य व्यवहारमा परिपक्कता हासिल गर्दै जनताको भावनालाई सम्बोधन गर्दै हामीमा सीप क्षमता कार्य शैली र कार्य सम्पादनमा परिपक्कता आएको महसुस गरेको छु।

५.	हाम्रा शुरुका दिन संविधानले प्रदत्त गरेका अधिकार बमोजिम कार्यसम्पादन नियमावली र कार्य विभाजन नियमावली बनाउन तथा सो बमोजिम अगाडी बढ्नमा नै व्यतित भए। हामीले बार्षिक बजेट, आर्थिक विद्येयक र विनियोजन विद्येयक गाउँसभाबाट पारित गर्‍यौं। हामीमा हिम्मत थपिदै जाँदा नीति तथा कार्यक्रम अनुसार वार्षिक बजेट कार्यान्वयन गर्न थाल्यौं। हामी थप उत्तरदायी र जिम्मेवार बन्दै गयौं। यसरी हामीले हाम्रो समय सिक्न र कार्य व्यवहार सम्हाल्नमा उपयोग सिद्ध भयो। स्थानीय निर्वाचन, २०७९ पछिको तेस्रो गाउँसभालाई सम्बोधन गरिरहँदा विगत वर्षको तुलनामा हामी जनता प्रति जिम्मेवारी वोध, कार्यसम्पादनमा परिपक्वता, कार्यकौशलता तथा सिपको विकास भई आत्म विश्वास बढेको अनुभूती भएको छ।

६.	"राजनीतिक नेतृत्वले जनभावना अनुसार नीति निर्माण गर्ने र कर्मचारीतन्त्रले त्यसलाई कार्य व्यवहारमा उतार्ने " सिद्वान्त अनुसार हाम्रो यस चामे गाउँपालिका क्षेत्र भित्रको विकास निर्माणका साथै जनताको आर्थिक तथा सामाजिक विकासका लागि सबैले इमान्दारिता, जिम्मेवारी तथा वफादारीका साथ भुमिका निर्वाह गरे मात्र सुशासन, विकास र समृद्धिको यात्रा सहज भई हाम्रो सपना **"कृषि, पर्यटन र जलाधार, चामे समृद्धिको आधार"** साकार हुने मेरो बुझाई रहेको छ ।

**आर्थिक वर्ष २०७९।०८० को नीतिको समिक्षा**

१. वडा नं. ३ को कार्यालय भवन थप निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ।

२. चामे गौरवको आयोजना सिटिहलको भवन निर्माण तथा हस्तान्तरणको कार्य सम्पन्न भएको यसै बर्षबाट संचालनमा ल्याइने व्यवस्था गरिनेछ ।

३. संघिय सरकारको समन्वयमा चामेबासी ९५१ जनालाई कोभिड-१९ विरुद्वको खोप प्रदान गरिएको छ ।

४. डुम्रे वेशिसहर चामे सडक खण्ड आयोजना सँग समन्वय गरी गाउँपालिका सबै सडकहरु ढलान कार्य गरिनेछ ।

५. लोकप्रिय मा.वि. र गौरी शंकर आ.वि.मा आवासिय विद्यालय संचालन गर्न बजेट विनियोजन गरी कार्यान्वयन गरिए छ ।

६. वाढि पहिरो आगलागि जस्ता विविध कारण बाट क्षति हुन पुगेका स्थानीय वासिहरुलाई स्थानीय विपद कोषबाट पुर्ण क्षति वापत रु.१ लाख र आंशिक क्षति वापत ५० हजार आर्थिक सहयोग उपलब्ध गराइने छ ।

७. चामे स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा खरिद प्रक्रिया गरिएको छ ।

८. बजार क्षेत्र भित्रको ठाडो खोलाहरुमा तथा मर्स्याङ्दी नदीमा तटबन्धन र डाईभर्सन निर्माणको कार्य गरीएको र आगामी बर्ष पनि गराइने छ ।

९. मेडपा कार्यक्रम अन्तर्गत नया उधमी सिर्जनातर्फ ४० जना र पुरानो उधमी स्तरोन्नतीतर्फ ४० जनालाई क्षमता अभिबृद्धि तालिम प्रदान गरिएको छ।

१०. कक्षा १ देखि ५ सम्म संचालित गौरीशंकर आ.वि. लाई स्तरोन्नती गरी कक्षा ६ देखि ८ सम्म पठनपाठन संचालन गर्न स्वीकृति प्रदान गरि सञ्चालन भइरहेको छ।

११.गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा सूचना अधिकारी तोकी सूचनाको हक कार्यान्वयन भईरहेको छ ।

१२.चामे गाउँपालिका भित्र बन पैदावरलाई संरक्षण गर्न ५ वटै वडाका सम्मपूर्ण वडा बासीहरुलाई इन्डक्सन (विद्युत्तीय) चुलो वितरण गरिएको छ ।

१३. वडा स्तरीय पुर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम सँगै पालिका स्तरीय पुर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम गरिएको छ ।

१४.चामे गाउँपालिका भित्र वडा नं. ३, ४ र ५ को फोहोरमैला व्यवस्थापन सम्बन्धी गाउँपालिकाको टयाक्टर प्रयोगमा ल्याई फोहोर उठाउन सुरु गरिएको छ ।

१५. स्वास्थ्य कार्यलयको सहयोगमा  परिवारिक स्वास्थ्य प्रोफाइल तयार गरिएको छ र निरन्तर लागु गरिने छ ।

अब म चामे गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्न गईरहेको छु।

गाउँपालिकाको दिर्घकालीन सोच "कृषि, पर्यटन र जलाधार, चामे समृद्विको आधार" रहेको छ। यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन ।

१. बजार तथा उपभोक्तामुखी कृषि प्रणालीको विकास मार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी, दिगो, आत्मनिर्भर र निर्यातमुखी बनाउने,
२. नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र विविधीकरण गर्दै पर्यटकीय पुर्वाधारको विकास र पर्यटकीय सेवालाई गुणस्तरीय, सुरक्षित र विश्वासिलो बनाउने,

गाउँपालीकाले लिएका माथि उल्लेखित रणनीति कार्यान्वयन गर्न देहायका नीतिहरु अवलम्बन गरिने छ ।

**शिक्षा सम्बन्धी नीति**

१. विद्यालय आवासीय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२. स्थानीय पाठ्यक्रम (कक्षा १-५) लाई किताब छापन गरि कक्षा सञ्चालन गरिनेछ ।
३. हाललाई पठनपाठन स्थगित रहेका विद्यालयका शिक्षकहरुलाई आवश्यकता र औचित्यको आधारमा पालिकाभित्रका अन्य विद्यालयहरुमा पदस्थापना गरिनेछ ।
४. वाल शिक्षामा कार्यरत शिक्षकहरुको सेवा सुविधाहरुलाई निरन्तरता दिइने छ ।
५. लोकप्रिय मा.वि.मा प्राविधिक धारतर्फ संचालित शैक्षिक कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिने छ ।
६. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई क्षमता विकास, प्रविधिमैत्री शिक्षण कला आदि कार्यक्रमहरु संचालन गरिने छ ।

७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिकाको स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुलाई परिचालन गरिने छ ।

**स्वास्थ्य सम्बन्धी नीति**

८. चामे स्वास्थ्य चौकीका लागि जग्गा खरिद प्रक्रिया अगाडि बढिसकेकोले आ.व. बर्षमा स्वास्थ्य चौकी भवन निर्माण गरिने छ ।

९. जिल्ला अस्पताल तथा चामे गाउँपालिकाबीच समन्वय तथा सहकार्य गरी सदरमुकामको स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाईने छ ।

१०. नागरिक आरोग्यता प्रवर्धन गर्न उपयुक्त आहारा, विहार, ध्यान, योग, प्राणायाम आदि बारे सचेतना कार्यक्रम मार्फत् गाउँपालिकाबासीलाई निरोगी बन्न प्रोत्साहित गरिने छ ।

११. चामे गाउँपालिका बासीलाई एम्बुलेन्स स-शुल्क रुपमा संचालनमा ल्याइने छ ।

१२. किशोर किशोरि मैत्रि स्वास्थ्य संस्थालाई पुनः स्थापना र आवश्यकताको पहिचान गरि नयाँ स्थापना र सञ्चालन गरिनेछ ।

१३. पुर्णखोप सुनिश्चितता दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. हेपाटाइटिस बि खोप र महिलाहरुको पाठेघर सम्बन्धि क्यान्सर रोकथामको लागि खोप खरिद गरि खोप लगाइने छ ।

१५. सुरक्षित गर्भपतन सम्बन्धि कार्यक्रम निति नियम अनुसार कार्य अगाडि बढाइने छ ।

१६. मानसिक रोग सम्बन्धी कार्यक्रम र सामान्य रोग सम्बन्धी उपचार सञ्चालनमा ल्याइने छ ।

१७. नसर्ने रोग सम्बन्धी स्कृनिङ कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१८. बहुक्षेत्रीय पोषण कार्यक्रममा बजेट थप गरि कार्यक्रम सञ्चालन गरिने छ ।

## पूर्वाधार विकास सम्बन्धी नीति

१९. चामे गाउँपालिकाभित्र १ मेघावाटको लघु जलविद्युत आयोजनाको निर्माण कार्य अगाडि बढाईने छ ।

२०. गाउँपालिका भित्रको तिमाङ देखि चामे सम्मको सडक ढलान कार्यलाई सम्पन्न गर्न डुम्रे-बेशिसहर-चामे सडक आयोजना कार्यालयसँग समन्वय गरिने छ ।

२१. गाउँपालिकाको वडा नं १ र २ का वडा कार्यालयमा रहेको विधुतीय प्रणाली तथा आपुर्तिलाई सुचारु गराईने छ।

२२. मर्स्याङ्दी तथा ठाडो खोलाहरुमा आएको वाढी पहिरोले पुऱ्याएको क्षति न्युनिकरण गर्दै वस्ती संरक्षणको कार्यलाई अगाडि बढाईने छ ।

२३. चामे गाउँपालिकाको वडा नं. १, २ र ४ को वडा कार्यालयको भवन निर्माण कार्यलाई सम्पन्न गरिने छ ।

२४. चामे गौरवको आयोजना बसपार्क, सित भण्डार र उद्योग ग्राम निर्माण सम्पन्न गरिने छ । यस बर्ष देखि संचालनमा ल्याइने छ ।

२५. नमुना विद्यालय अन्तर्गत लोकप्रिय मा.वि.लाई प्राप्त बजेट मार्फत् छात्र र छात्राहरुको छात्रावास निर्माण कार्य सम्पन्न गरि प्रयोगमा ल्याइने छ ।

## साँस्कृतिक तथा पर्यटन सम्बन्धी नीति

२६. कजिनसारा पदमार्ग तथा भ्यु टावर जाने गोरेटो वाटोलाई स्तरोन्नति गरिने छ ।

२७. गाउँपालिकाभित्र मनाईने पर्व, मेला, पुजा तथा बौद्ध साँस्कृतिक सम्पदाहरु समेटी गाउँपालिकाको Cultural Profile तयार गरी प्रकाशित गरिने छ ।

२८. गाउँपालिका भित्रको साँस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण कार्यलाई अगाडि वढाईने छ ।
२९. धार्मिक सम्पदाहरुको संरक्षण गर्न उपभोक्ता समिति मार्फत संचालन हुने जनसहभागिता मुलक कार्यक्रमलाई प्राथमिकता दिईने छ ।
३०. चामे बस पार्कलाई संचालनमा ल्याइने छ ।
३१. चामे तातो पानी कुण्डलाई व्यवस्थित गरी उपयोगमा ल्याइने छ ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति**

३२. गाउँपालिका क्षेत्र भित्रको फोहोरमैलाको दिगो व्यवस्थापनको लागि फोहोर संकलन, ढुवानी र रुपान्तरण कार्यलाई व्यवस्थित ढङ्गले अगाडि बढाईने छ। फोहोमैला प्रशोधन गर्न मेशिनरी उपकरण खरिद गरि प्रयोगमा ल्याइने छ ।
३३. सार्वजनिक जग्गा, नदी किनार, ठाडो खोला, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
३४. यस चामे गाउँपालिकामा ट्याक्टरको प्रयोग गरी ५ वटै वडाहरुमा फोहोरमैला व्यवस्थापन गरिने छ ।

**संस्थागत विकास तथा सुशासन सम्वन्धी नीति**

३५. गाउँपालिका भित्रको कर्मचारी व्यवस्थापन गरी संगठनलाई चुस्त दुरुस्त राख्न गाउँपालिकाको संगठन तथा सर्वेक्षण कार्यक्रम कार्यान्वयन गरिने छ।
३६. गाउँपालिकाको दिवसको अवसरमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पदक, सम्मान र पुरस्कार प्रदान गरिने छ ।
३७. वडा कार्यलय, सामुदायिक विद्यालय तथा विकासका आयोजनाहरुमा सूचनाको हक कार्यान्वयन गरिने छ ।

३८.गाउँपालिकावाट गरिने ठेक्का प्रक्रिया तथा निर्माण कार्यलाई प्रचलित कानुन बमोजिम विद्युत्तीय खरिद प्रणाली मार्फत् सम्पादन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

३९. एक वर्षभित्रमा गाउँपालिकाको प्रथम आवधिक योजना (२०७९-२०८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## राजश्व तथा वित्त व्यवस्था सम्बन्धी नीति

४०.गाउँपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजश्व प्रशासनलाई न्यायोचित पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ।

४१.करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

## कानुन तथा मानवअधिकार सम्बन्धी नीति

४२.सुचना प्रविधिको प्रयोग गरी न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

४३.गाउँपालिकाबाट जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

४४.गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ।

## कृषि तथा पशुपालन सम्बन्धी नीति

४५.स्थानीय समुदायहरूलाई कृषक समुह/फर्म/सहकारि गठन गर्न प्रोत्साहित गरिनेछ ।

४६.स्थानीयस्तरमा उत्पादन गरिने खाद्यवस्तुहरूको बजारीकरण गर्न प्रोत्साहन तथा कार्यक्रम सञ्चालन ल्याइने छ।

४७.स्थानीय स्तरमा उत्पादन हुने खाद्यवस्तुहरूको सुरक्षित भण्डारण गर्न शीत भण्डारणलाई प्रयोगमा ल्याईनेछ।

४८.सार्वजनिक स्थलमा रहेका छाडा पशुपन्छीहरूको उपचार तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४९. गाउँपालिका स्तरमा पकेट विकास कार्यक्रम अन्तर्गत रैथाने बालीलाई प्रबर्द्धन गरि प्रयोगमा ल्याइने छ ।

**सामाजिक विकाससँग सम्बन्धि नीति**

५०.महिलाहरुलाई सीपमुलक तालिम दिई आयआर्जनका क्रियाकलापमा सहभागी गराईनेछ।

५१.महिलाहरुले संचालन गर्ने व्यवसायका लागी सहकारी गठन, बीउँपुजी र व्यवस्थापन तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

५२.महिलाविरूद्व हुने सबै किसिमका भेदभाव कुरीति हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय साक्षरता, कानुनी साक्षरता तथा सशक्तीकरण कार्यक्रम संचालन गरिनेछ।

५३.गाउँपालिका भित्रका स्वास्थ्य संस्था मार्फत् नेपाल सरकारले तोकेका तथा थप आवश्यक औषधीहरू निशुल्क उपलब्ध गराउन आवश्यक प्रबन्ध मिलाईनेछ।

५४.जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न कार्यक्रम संचालन गरिएको छ ।

५५. गाउँपालिका द्वारा विभिन्न दिवसहरुलाई कार्यक्रमको रुपमा सञ्चालन गरि मनाइने छ ।

५६. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरि विद्युत्तीय सुशासनमा प्रबर्द्धन गरिने छ ।

५७.गाउँपालिका बाट सञ्चालन गरिने विकास निर्माण सम्बन्धि कार्यमा सर्वसाधारणको पहुँच बृद्धि गर्न आयोजना स्थलमा सूचना पार्टीको व्यवस्था गरिने छ ।

**खेलकुद सम्बन्धी नीति**

५८.गाउँपालिका क्षेत्रमा रहेको बैंक तथा वित्तीय संस्थाहरूलाई Corporate Social Responsibility अवधारणा अन्तर्गत खेलकुद तथा अन्य कार्यक्रमहरू समेत संचालन गर्न विशेष जोड दिईनेछ ।

५९.गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको विकासको लागि खेलकुद क्लबहरूसँगको सहकार्यमा खेलकुद प्रतियोगीताहरू आयोजना गरिनेछ ।

**खानेपानी सम्बन्धी नीति**

६०.चामे बजारक्षेत्रको खानेपानी आपुर्तीलाई व्यवस्थापन गरी पुन: संचालन गरिनेछ ।

६१.चामे बजारक्षेत्रको खानेपानी तथा ढलविकास आयोजनालाई शिघ्र सम्पन्न गराईने छ ।

**विपद व्यवस्थापन सम्बन्धी नीति**

६२.विपद व्यवस्थापनका लागि जनस्तर तथा विद्यालयस्तरमा विपद सचेतना, उद्दारको अभ्यास कार्यलाई निरन्तरता दिइने छ ।

६३.विपद पुर्वतयारी तथा प्रतिकार्य योजना,२०८० लाई क्रमश: कार्यान्वयन गरिनेछ ।

६४.चामे गाउँपालिकाको विपद जोखीम न्युनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गरी जारी गरिनेछ ।

**सुचना प्रविधि सम्बन्धी नीति**

६५.प्रविधिमा आधारित शासन प्रणालीको अवलम्बन र अभ्यास कार्यलाई अगाडि बढाइनेछ ।

६६.गाउँपालिकाबाट प्रवाह हुने सार्वजानिक सेवामा सुचना तथा संचार प्रविधिको उपयोग गरी विद्युत्तीय सुशासन प्रवर्धन गरिने छ ।

६७.गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माण सम्बन्धी कार्यमा सर्वसाधरणको पहुँच वृद्धि गर्न आयोजना स्थलमा सुचना पार्टीको व्यवस्था गरिनेछ ।

६८.पालिका तथा वडा स्तरमा चौमासिक रुपमा सार्वजनिक सुनुवाईका कार्यक्रम संचालन गरिने छ।

**सीप विकास तथा उद्यमशिलता प्रवर्धन सम्वन्धी नीति**

६९.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत नयाँ उद्यमी सिर्जनातर्फ ४० जना र पुरानो उद्यमी स्तरोन्नतीतर्फ २० जनालाई क्षमता अभिबृद्धि तालिम प्रदान गरिने छ ।

७०.सीप सिक्न ईच्छुक स्थानीयवासीहरुलाई स्वरोजगार मुखी (सिलाईवुनाई, ड्राइभिङ, बेकरी, हाउस किपिंङ, व्युटिसियन आदि) कार्यक्रम संचालन गरिनेछ ।

७१.नवीन सोच तथा प्रविधिको सदुपयोग गर्दै गाउँपालिकालाई सूचना प्रविधि मैत्री गर्न राष्ट्रिय आविष्कार केन्द्रसँग सहकार्य गरिने छ ।

**अन्त्यमा,**

चामे गाउँपालिकालाई जन अपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासीबीचको सुमधुर सम्बन्ध कायम गर्ने, प्रविधिको उच्चतम प्रयोग गरी चामे गाउँपालिकालाई समृद्ध पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ। चामे गाउँपालिकाभित्र अथाह सम्भावना बोकेको कृषि, पर्यटन तथा जलाधारको अधिकतम सदुपयोग गर्न गाउँपालिकाको नेतृत्व प्रतिवद्ध रहनेछ । साथै चामे गाउँपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गाउँपालिका कर्मचारी, जनप्रतिनिधि, राजनैतिक दलहरु र सम्पुर्ण चामेबासी दाजुभाई तथा दिदीबहिनीहरुमा हृदयदेखि धन्यवाद दिन चाहन्छु। यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबैको साथ, सहयोग र विश्वास प्राप्त हुने अपेक्षा गर्दै यो सम्बोधन यही अन्त गर्दछु। धन्यवाद।